**प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्री**
**Inspector General of Police Shailesh Thapa Kshetri**
Chief of Nepal Police

**प्रहरी प्रधान कार्यालय,**
नक्साल, काठमाडौँ, नेपाल ।
**Police Headquarters,**
Naxal, Kathmandu, Nepal

## शुभकामना

नेपालीहरूको महान चाड विजयादशमी, शुभ-दिपावली, नेपाल सम्वत् ११४२ तथा छठ पर्वको पावन अवसरमा स्वदेश तथा विदेशमा रहेर अहोरात्र नागरिकको सुरक्षामा सेवारत रहनु हुने नेपाल प्रहरी संगठनका सकल दर्जाका प्रहरी कर्मचारीहरूमा व्यावसायिक सफलता, पारिवारिक सुख एवं व्यक्तिगत समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । साथै, संगठनको विकास, विस्तार र श्रीवृद्धिमा अमूल्य योगदान पुऱ्याउनु हुने हाम्रा सम्पूर्ण अग्रजहरू, प्रहरी परिवार र समस्त नागरिकजनमा विशिष्ट पर्वहरूको यस अवसरमा सुख, समृद्धि, दीर्घायु र उत्तरोत्तर प्रगतिको कामना गर्न चाहन्छु ।

लाखौं नेपाली नागरिकहरू पर्व र पुनर्मिलनको उल्लासमय अवसरमा सरिक भई खुसीमा रमाइरहँदा हुनसक्ने अवाञ्छित घटना र उत्पन्न हुन सक्ने सुरक्षा खतरालाई आँकलन गरी सुदृढ प्रहरी परिचालन गर्न नेपाल प्रहरी सदैव सचेत छ । यस्ता विशिष्ट परिस्थितिं र महत्वपूर्ण घडीमा सामान्य अवस्थामा भन्दा विशेष प्रहरी सकृयताद्वारा समस्त नागरिकको जीउधनको सुरक्षाको लागि हामी प्रतिबद्ध छौं । सकल दर्जाका प्रहरी कर्मचारीहरूले आफू खटिएको स्थानमा नागरिक सुरक्षामा केन्द्रित रहँदै सहकर्मी र नागरिकहरूसँग खुसीयाली साटासाट गर्दै पर्व मनाउनुहुनेछ भन्ने विश्वास समेत लिएको छु । आम नागरिकले सुरक्षित वातावरणमा पर्व मनाउन सक्नु नै हर प्रहर ड्यूटीमा तैनाथ रहने हामी प्रहरीको लागि सन्तुष्टि र गौरवको विषय हो ।

अन्त्यमा, सुम्पिएको जिम्मेवारीलाई त्रुटिरहित ढंगबाट सम्पादन गरी आसन्न पर्वहरूलाई सुरक्षित एवं उल्लासमय वातावरणमा मनाउन सुरक्षाको सुदृढ प्रबन्ध गर्न सफल हुनुहुनेछ भन्ने विश्वासका साथ पुन: सबैमा बडा दशैं, शुभ-दिपावली, नेपाल सम्वत् ११४२ तथा छठ पर्वको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद, जय नेपाल ।

**मिति २०७८ असोज २८ गते ।**

**प्रहरी महानिरीक्षक**
**(शैलेश थापा क्षेत्री)**

पोष्ट बक्स नं. ४०७, कार्यालय: ९७७-१-४४१२७३७, ४४१२४३२, फ्याक्स: ९७७-१-४४१५५९३
ईमेल: shailesh@nepalpolice.gov.np/phqigs@nepalpolice.gov.np, वेबसाइट: https://www.nepalpolice.gov.np,
प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौँ ।